नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
मानव संसाधन व्यवस्थापन विभाग

# प्रशासन सेवा, सहायक द्वितीय श्रेणी, सहायक पदमा खुला प्रतियोगितात्मक परीक्षाबाट पदपूर्तिका लागि एकीकृत पूर्वयोग्यता परीक्षा सम्बन्धी सूचना

यस बैंकको प्रशासन सेवा, सहायक द्वितीय श्रेणी, सहायक पद लगायत अन्य संगठित संस्थाहरुको अप्राविधिक तर्फका सहायकस्तर द्वितीय श्रेणी, खरिदार वा सो सरह वा चौथो तह वा सो सरह पदको लागि आ.व. २०८२/८३ देखि लागू हुने गरी एकीकृत पूर्वयोग्यता परीक्षा लोक सेवा आयोगबाट नै सञ्चालन हुने सूचना (लोक सेवा आयोगको सूचना नं. १६३७/०८१-८२, मिति २०८२/०३/२०) यसै साथ संलग्न छ ।

लोक सेवा आयोगबाट एकीकृत पूर्वयोग्यता परीक्षाको लागि मिति २०८२/०४/०७ को सूचना नं. ४०/०८२-८३ मार्फत प्रकाशित विज्ञापनको सन्दर्भमा यस बैंकबाट आ.व. २०८२/८३ देखि प्रकाशन हुने प्रशासन सेवा, सहायक द्वितीय श्रेणी, सहायक पदको विज्ञापनमा दरखास्त फारम भर्न यस बैंकको कर्मचारी सेवा विनियमावली, २०६८ (संशोधन सहित) मा व्यवस्था भएबमोजिमको न्यूनतम शैक्षिक योग्यता (मान्यताप्राप्त शिक्षण संस्थाबाट दश जोड दुई वा सो सरह) हासिल गरेको प्रमाणपत्रको साथै लोक सेवा आयोगबाट संचालन हुने एकीकृत पूर्वयोग्यता परीक्षा उत्तीर्ण भएको प्रमाणपत्र समेत आवश्यक पर्ने भएकोले आवेदन पेश गर्न इच्छुक उम्मेदवारहरुले एकीकृत पूर्वयोग्यता परीक्षामा सहभागी हुनको लागि लोक सेवा आयोगद्वारा प्रकाशित विज्ञापन बमोजिम दरखास्त पेश गर्न अनुरोध छ ।

उपरोक्त सूचना तथा एकीकृत पूर्वयोग्यता परीक्षाको पाठ्यक्रम लोक सेवा आयोगको वेबसाइट (www.psc.gov.np) तथा यस बैंकको वेबसाइट (www.nrb.org.np) मा समेत उपलब्ध छ ।

सृजना बास्तोला
का.मु. कार्यकारी निर्देशक

मिति : २०८२/०४/१९

# लोक सेवा आयोग

## (सूचना तथा प्रकाशन शाखा)

लोक सेवा आयोग सूचना तथा प्रकाशन शाखा

कमलपोखरी,काठमाडौं

सूचना नं. १६३७/०८१-८२, मिति २०८२/३/२०

## सङ्गठित संस्थाहरूको एकीकृत पूर्वयोग्यता परीक्षा सञ्चालन हुने सम्वन्धी सूचना

लोक सेवा आयोगबाट सञ्चालन हुने सङ्गठित संस्थाहरूको लिखित परीक्षालाई अझै बढी प्रभावकारी बनाउने क्रममा आयोगले लोक सेवा आयोग नियमावली, २०७९ को नियम २३क. को उपनियम (१) मा भएको व्यवस्था बमोजिम **आयोगबाट पदपूर्तिका लागि सहमति प्राप्त गरी विज्ञापन गर्ने सङ्गठित संस्थाको अप्राविधिक तर्फका सहायकस्तर द्वितीय श्रेणी, खरिदार वा सो सरह वा चौथो तह वा सो सरहको पदको खुला प्रतियोगितात्मक लिखित परीक्षाको लागि आ.व. २०८२/८३ देखि लागू हुने गरी एकीकृत पूर्वयोग्यता परीक्षा सञ्चालन गर्ने** गरी आयोगबाट मिति २०८२/०३/१९ मा निर्णय भएको छ।

लोक सेवा आयोग नियमावली, २०७९ (संशोधन सहित) को नियम २३क. को उपनियम (४) मा विभिन्न सङ्गठित संस्थामा एकै तह वा श्रेणीका लागि फरक फरक सेवा, समूह, उपसमूह, शैक्षिक योग्यता, अनुभव, सीप तथा पदनाम तोकिएको भए तापनि यस नियम बमोजिम लिइने पूर्वयोग्यता परीक्षाको लागि सहायकस्तर द्वितीय श्रेणी, खरिदार वा सो सरह वा चौथो तह वा सो सरहको पदको लागि एस.ई.ई. वा सो सरहको शैक्षिक योग्यतालाई न्यूनतम शैक्षिक योग्यता मानिने प्रावधान समेत उल्लेख छ। सोही नियमावलीको नियम २३क. को उपनियम (२) मा पूर्वयोग्यता परीक्षाको लागि आवश्यक पाठ्यक्रम आयोगले स्वीकृत गरी सार्वजनिक गर्नु पर्नेछ भन्ने प्रावधान बमोजिम सबै सङ्गठित संस्थाको **सहायकस्तर द्वितीय श्रेणी, खरिदार वा सो सरह वा चौथो तह वा सो सरहको पदको खुला प्रतियोगितात्मक लिखित परीक्षाको** लागि पूर्वयोग्यता परीक्षाको पाठ्यक्रम आयोगबाट मिति २०८२/०२/२७ मा स्वीकृत भई आयोगको वेवसाईट www.psc.gov.np मार्फत सार्वजनिक समेत भईसकेको छ। एकीकृत पूर्वयोग्यता परीक्षा सम्वन्धी सूचना (विज्ञापन) प्रकाशन, दरखास्त व्यवस्थापन, परीक्षा सञ्चालन तथा व्यवस्थापन लगायतका कार्य आगामी आर्थिक वर्षदेखि आयोगको पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका बमोजिम आयोगबाटै सञ्चालन हुने र आयोगबाट लिईएको पूर्वयोग्यता परीक्षामा सफल भई सोही नियमको उपनियम (८) बमोजिम प्रमाणपत्र प्राप्त गरेका उम्मेदवार मात्र सोही नियमको उपनियम (९) बमोजिम प्रमाणपत्र जारी गरेको मितिले एक वर्षभित्र सम्बन्धित संगठित संस्थाबाट प्रकाशित हुने पदपूर्ति सम्बन्धी विज्ञापनको सम्बन्धित सेवा, समूह, उपसमूहका पद, श्रेणी वा तहमा दरखास्त पेश गर्नका लागि सम्भाव्य उम्मेदवार हुन सक्ने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

.....................

(एकनारायण शर्मा)

उपसचिव